आ.व. २०८१/०८२

## २०८२ पौष २९ गते, मंगलबार (तद्नुसार १३ जनवरी, २०२६) का दिन सम्पन्न

## तेह्रौं वार्षिक साधारण सभाको निर्णय पुस्तिका

यस ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८२/०९/०७ गते बसेको सञ्चालक समितिको २१३ औं बैठकको निर्णयानुसार बोलाईएको वित्तीय संस्थाको तेह्रौं वार्षिक साधारण सभा आज मिति २०८२/०९/२९ गते, मंगलबार (तदनुसार १३ जनवरी, २०२६) का दिन बिहान १०:०० बजेदेखि Temple Bell Boutique Hotel and Spa Pvt. Ltd., लेकसाईड, पोखराको सभाहलमा शुरु भएको तेह्रौं बार्षिक साधारण सभा सम्बन्धी सूचना मिति २०८२ पौष ८ गतेको कारोबार राष्ट्रिय दैनिक र १६ गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा सभा हुने मिति, स्थान, समय र छलफलका प्रस्तावहरु साथै संलग्न थप जानकारीहरू सहितको सूचना प्रकाशित गरी शेयरधनी महानुभावहरूलाई जानकारी गराइएको थियो ।

१) **वैधानिक सभा :**

कम्पनी ऐन, २०६३ र वित्तीय संस्थाको नियमावलीको नियम १८ बमोजिम कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री बुद्धि अकेला ज्यूको अध्यक्षतामा निम्न मिति, समय र स्थानमा बसी तपसिलका विषयहरू उपर छलफल तथा निर्णय भई देहाय बमोजिमका काम कारबाहीहरू सु-सम्पन्न गरियो ।

२) **तेह्रौं वार्षिक साधारण सभाको मिति, समय र स्थान :**

मिति :- २०८२ साल पौष २९ गते, मंगलबार, (तद्नुसार १३ जनवरी, २०२६)
समय :- बिहानको ठीक १०:०० बजे
स्थान :- Temple Bell Boutique Hotel and Spa Pvt.Ltd., Lakeside, Pokhara, Kaski.

३) **सभाको सुचना :**

(क) यस वित्तीय संस्थाको मिति २०८२ पौष ७ गते, सोमबार बसेको सञ्चालक समितिको २१३ औं बैठकको निर्णयानुसार तेह्रौं वार्षिक साधारण सभा, आज मिति २०८२/०९/२९ गते सम्पन्न हुने गरी सभाको सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रावधान अनुसार सो सभामा छलफल हुने विषयहरू सहितको विवरण खुलाई मिति २०८० पौष ८ गतेको कारोबार राष्ट्रिय दैनिक र मिति २०८२ पौष १६ गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरिएको ।

(ख) यसका अतिरिक्त वार्षिक साधारण सभा बस्ने सूचनाको साथै संक्षिप्त आर्थिक विवरण पुस्तिका संस्थापन कम्पनी र शेयरधनी महानुभावहरूले उपलब्ध गराउनु भएको ठेगानामा पठाइएको ।

(ग) साधारण सभामा कम्पनीका वैधानिक लेखापरीक्षक श्री पि.एल.आर.जी. एसोसिएट्स चाटर्ड एकाउन्टेन्स लाई समेत आमन्त्रण गरिएको ।

Global IME Laghubitta Bittiya Sanstha Ltd.

(घ) श्री नेपाल राष्ट्र बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र लघुवित्त संस्था सुपरीवेक्षण विभाग, श्री नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत नियमनकारी निकायहरूलाई तेह्रौं वार्षिक साधारण सभामा उपस्थितिको लागि निमन्त्रणा गरिएको ।

४) **सभामा प्रस्तुत छलफलका विषयहरू :**

**(क) साधारण प्रस्तावहरू**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ. व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/०८२ को आषाढ मसान्तसम्मको वासलात, नाफा/नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब, इक्विटीमा भएको परिवर्तन तथा सोही अवधिको नगद प्रवाह विवरण र लेखा सम्बन्धी नीतिहरू तथा तत्सम्बन्धी अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने ।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८२/०८३ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिस बमोजिम बाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा सेवा सुविधा निर्धारण गर्ने । (हाल बहालवाला लेखापरीक्षक श्री पि.एल.आर.जी. एसोसिएट्स चार्टर्ड एकाउन्टेन्स पुन: नियुक्तिको लागि योग्य हुनुहुन्छ)

४. सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व.२०८१/०८२ को मुनाफाबाट चुक्ता पूँजी रु.६१,८९,००,०४५/- को ०.२५ प्रतिशतले हुने रकम रु.१५,४७,२५०.११ (अक्षरेपि पन्ध्र लाख सड्चालिस हजार दुई सय पचास रुपैयाँ पैसा एघार मात्र) कर प्रयोजनको लागि नगद लाभांश पारित गर्ने ।

**(ख) विशेष प्रस्तावहरू**

१. सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व. २०८१/०८२ को मुनाफाबाट चुक्ता पूँजी रु.६१,८९,००,०४५/- को ४.७५ प्रतिशतले हुने रकम रु २,९३,९७,७५२.१४ (अक्षरेपि दुई करोड त्रियानब्वे लाख सन्तानब्वे हजार सात सय बाउन्न रुपैयाँ पैसा चौध मात्र) बराबरको बोनस शेयर वितरणको प्रस्ताव पारित गरी सो सम्बन्धमा प्रबन्धपत्रको दफा ६ (ख) र (ग) मा आवश्यक संशोधन गर्ने ।

२. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने वा परिमार्जन गर्ने वा फेरबदल गर्ने वा थप गर्ने क्रममा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैंक लगायतका नियामक निकायहरूबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन गर्न वा फेरबदल गर्न कुनै निर्देशन वा सुझाव प्राप्त भएमा सो सम्बन्धी संशोधन कार्य गर्न सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।

३. वित्तीय संस्थाको नियमावलीको नियम २९ को उपनियम २ संशोधन स्वीकृत गर्ने ।

४. वित्तीय संस्थाको नियमावलीमा भएको नियम ३२ को उपनियम १ को (ख) को अन्य सुविधा अन्तर्गत पत्रपत्रिका तथा टेलिफोन खर्च संशोधन गर्ने प्रस्ताव पेश गर्ने ।

Global IME Laghubitta Bittiya Sanstha Ltd.

५. वित्तीय संस्थाको नियमावलीमा भएको नियम ३२ को उपनियम १ को खण्ड (ग) को (ई) लाई संशोधन गर्न प्रस्ताव पेश गर्ने ।

(ग) विविध ।

५) <u>सभामा उपस्थिति :</u>

(क) सञ्चालकहरूको उपस्थिति :

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १) | श्री बुद्धि अकेला | अध्यक्ष |
| २) | श्री रुपेन्द्र वाग्ले | सञ्चालक |
| ३) | श्री सुशोभन देवकोटा | सञ्चालक |
| ४) | श्री अनामिका कुँवर | सञ्चालक |
| ५) | श्री मीन प्रसाद ज्ञवाली | सञ्चालक |
| ६) | श्री सजनी नेपाल | सञ्चालक |
| ७) | श्री पिताम्बर सापकोटा | स्वतन्त्र सञ्चालक |

(ख) आमन्त्रित तथा अन्य पदाधिकारी:

क्र.सं. नाम पद

१) श्री नारायण प्रसाद पौडेल, संस्थापक प्रतिनिधि, श्री ग्लोबल आइएमई बैंक लि.

(२) श्री अमृता सापकोटा, प्रतिनिधि, श्री ग्लोबल आइएमई क्यापिटल लि.

(३) श्री ओमराज बास्तोला, पोखरा च्याम्बर अफ कमर्श

(६) <u>सभाको गणपूरक संख्या :</u>

(क) दर्ता किताब बन्द रहने समयसम्म कायम शेयरधनीको विवरण :

| क्र.स. | शेयरधनी समूह | विद्यमान शेयरघनी संख्या | विद्यमान शेयर कित्ता संख्या | प्रतिशत | |
|---|---|---|---|---|---|
| | | | | शेयरघनी संख्या | शेयर कित्ता |
| १. | संस्थापक | ९६ | ४२,९६,१६३ | ०.१७ | ६९.४२ |
| २. | सर्वसाधरण | ५५,०७७ | १८,९२,८३८ | ९९.८३ | ३०।५८ |
| जम्मा | | ५५,१७३ | ६१,८९,०००।४५ | १००।००% | १००।००% |

(ख) सभाको गणपूरक संख्या (सभामा उपस्थित शेयरधनीहरूको विवरण)

| शेयरघनी समूह | उपस्थितिको विवरण | उपस्थिति शेयरघनी संख्या | उपस्थित शेयरघनीले धारण गरेको कुल शेयर कित्ता संख्या |
|---|---|---|---|
| संस्थापक | स्वयं उपस्थिति | ६ | ३५,९०,५४०.१८ |
| | प्रतिनिधि (प्रोक्सी) | - | - |
| | **जम्मा संस्थापक** | **६** | **३५,९०,५४०.१८** |
| सर्वसाधारण | स्वयं उपस्थिति | २९ | ६,७८५.०३ |
| | प्रतिनिधि (प्रोक्सी) | - | - |
| | **जम्मा सर्वसाधारण** | **२९** | **६,७८५.०३** |
| **जम्मा उपस्थिति संख्या/किस्ता** | | **३५** | **३५,९७,३२५.२२** |
| **साधारण सभामा शेयर स्वामित्व उपस्थिति प्रतिशत** | | | **५८.१२४%** |

Global IME Laghubitta Bittiya Sanstha Ltd.

(७) <u>सभाको वैधानिकता :</u>

कम्पनी सचिवद्वारा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) तथा नियमावलीको नियम १८ को उपनियम ३ बमोजिम सभा बोलाइएको र सभाको लागि आवश्यक गणपूरक संख्याको हकमा कम्पनी ऐनको दफा ७३ (२) तथा वित्तीय संस्थाको नियमावलीको नियम २३ मा उल्लेख भए बमोजिम ५० प्रतिशतभन्दा बढीको प्रतिनिधित्व पुगेपछि सभा सञ्चालन गर्न वैधानिक रहेको व्यहोरा शेयरधनीहरूमा अवगत गराएपछि सभाको कार्यक्रम औपचारिक रुपमा बिहान १०:०० बजे शुरु भएको थियो ।

(८) <u>सभाको कारबाही तथा सभापतित्व :</u>

कम्पनी ऐन, २०६३ को नियम ७४ (१) र यस वित्तीय संस्थाको नियमावली, २०६९ को नियम १९ (१) मा व्यवस्था भए बमोजिम कम्पनी सचिवद्वारा वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्षले साधारण सभाको अध्यक्षता गर्ने व्यवस्था रहेको व्यहोरा सहित यस संस्थाका सञ्चालक समितिका अध्यक्ष श्री बुद्धि अकेला ज्यूलाई सभाको अध्यक्षता ग्रहण गर्न अनुरोध गर्नु भएपछि समितिका अध्यक्ष ज्यूले सभापतित्वको आसन ग्रहण गर्नुभयो भने सभामा सञ्चालक, आमन्त्रित अतिथि लगायतका महानुभावहरूलाई कम्पनी सचिवले आसन ग्रहण गर्नको लागि अनुरोध गरे बमोजिम अतिथि ज्यूहरूले आसन ग्रहण गर्नुभयो ।

(९) <u>स्वागत मन्तव्य:</u>

कम्पनीका सञ्चालक श्री रुपेन्द्र वाग्ले ज्यूले स्वागत मन्तव्य राख्नुभयो । स्वागत मन्तव्य अन्तर्गत संस्था स्थापनाको १३ औं आर्थिक बर्ष पूरा गरेको यस लघुवित्त संस्थाले छोटो समयमा नै उल्लेख्य प्रगति हासिल गरेको यथार्थ तथ्याङ्कहरू प्रस्तुत गर्दै सदस्यहरूको जीवनस्तर बृद्धि नै यस लघुवित्त संस्थाको प्रमुख ध्येय रहेको बताउनु भएको थियो । वित्तीय पँहुचभन्दा बाहिर रहेका विपन्न तथा न्यूनआय भएका समूदायहरूमा वित्तीय पँहुच पुऱ्याउनका लागि लघुवित्त कार्यक्रम एक प्रभावकारी औजार रहेको र यसले ग्रामीण क्षेत्रमा वित्तीय पँहुचमा बृद्धि गरी स्वस्थ वित्तीय प्रतिस्पर्धाबाट आर्थिक क्रियाकलापमा बृद्धि गर्ने, सामाजिक समावेशीकरण गर्ने, सदस्यको जीविकोपार्जनमा टेवा पुऱ्याई जीवनस्तर माथि उठाउने तथा लघुउद्यम तथा लघु व्यवसायको विकास र विस्तारबाट उत्पादन बृद्धि गर्ने कार्यमा लघुवित्त संस्थाहरूको उल्लेखनीय भूमिका रहेको बताउनु भएको थियो । लघुवित्त कार्यक्रमलाई नयाँ सूचना प्रविधि सहित आगामी दिनमा अझ उत्कृष्ट वित्तीय सेवाहरू उपलब्ध गराई कार्यक्रम सञ्चालनमा जोड दिइने व्यहोरा सभामा जानकारी गराउँदै सभामा उपस्थित समस्त शेयरधनी महानुभावहरूलाई हार्दिक स्वागत गर्नुभयो ।

(१०) <u>सभाको उद्घाटन:</u>

सभाका सभापति तथा सञ्चालक समितिका अध्यक्ष श्री बुद्धि अकेला ज्यूले पानसमा दीप प्रज्वलन गरी सभाको समुद्घाटन गर्नुभएको थियो ।

११) <u>अध्यक्षको वार्षिक प्रतिवेदन प्रस्तुति :</u>

सभाका सभापति श्री बुद्धि अकेला ज्यूले सञ्चालक समितिको तर्फबाट आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो । तत्पश्चात् सो प्रतिवेदन उपर छलफलका लागि सभामा उपस्थित शेयरधनीहरूबाट जिज्ञासा, राय, सल्लाह तथा सुझावहरूको लागि आह्वान गर्नुभयो ।

Global IME Laghubitta Bittiya Sanstha Ltd.

**(१२) छलफलमा सहभागी हुनुभएका शेयरधनी महानुभावहरूको जिज्ञासा एवं सुझाव तथा जवाफ :**

कम्पनी सचिवबाट सभामा प्रस्तावित सम्पूर्ण प्रस्तावहरू प्रस्तुत गरेपश्चात् उपस्थित शेयरधनीहरूको तर्फबाट प्रतिवेदन उपर कुनै जिज्ञासा, राय, सल्लाह र सुझावहरू भएमा सभासमक्ष राख्नको लागि समय प्रदान गर्नुभयो ।

(क) सर्वसाधारण शेयरधनी श्री श्रीराम गौतमले वित्तीय संस्थाको सञ्चालन खर्च बृद्धि भएको र यस्तो सञ्चालन खर्च कटौती गरी संस्थाको नाफालाई बढोत्तरी गर्न सके शेयरधनीहरूलाई हित हुने जानकारी गराउनुभयो । अहिलेको अवस्थामा धेरैजसो लघुवित्त संस्थाहरूले लाभांश वितरण गर्न नसकेको अवस्थामा यस वित्तीय संस्थाले ५ प्रतिशत भएपनि लाभांश वितरण गर्न सक्षम भएको साथै आगामी दिनमा अझै राम्रो प्रतिफल प्राप्तिका लागि शेयरधनीहरुबाट अपेक्षा गरिएको व्यहोरा जानकारी गराउनुभयो । आगामी दिनमा नगद तथा शेयर लाभांश वितरण गर्दा सकभर दशमलबमा प्रदान नगरी वितरण गरेमा शेयरधनीहरुलाई हित हुने सुझाव व्यक्त गर्नुभयो । वित्तीय संस्थाले हालको परिप्रेक्ष्यमा मर्जर तथा प्राप्तिलाई पनि प्राथमिकतामा राखी आवश्यक रणनीति बनाउन सुझाव व्यक्त गर्नुभयो । सामाजिक उत्तरदायित्व कोषको रकम विभिन्न सामजिक क्षेत्रमा वितरण गर्न सकेकोमा धन्यवाद व्यक्त गर्नुभयो । खुद ब्याज आम्दानी बढी भएको तर नाफा कम रहेको सन्दर्भमा खराब कर्जा व्यवस्थापनमा ध्यान दिन सञ्चालक समितिलाई अनुरोध गर्नुभयो । वित्तीय संस्थाले मितव्ययीता अपनाई नाफालाई ध्यान दिन आवश्यक रहेको सुझावहरु राख्नुभयो ।

शेयरधनीले राख्नुभएको जिज्ञासालाई सम्बोधन गर्दै अध्यक्ष ज्यूले वित्तीय संस्थावाट हुने नियमित सञ्चालन खर्चहरु आर्थिक बृद्धिदर बढे अनुरुप नै केही बढ्न गएको र संस्थाले मितव्ययीतालाई प्राथमिकतामा राखी खर्च गर्न प्रतिवद्ध रहेको जानकारी गराउनुभयो । वित्तीय संस्थाले प्रदान गरेको लाभासं कम भएतापनि Retaing Earning शीर्षकमा रकम रहेको समेत जानकारी गराउनुभयो । प्राप्त सुझावलाई आगामी दिनमा मार्गदर्शनको रुपमा लिई अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

**(१३) प्रस्ताव र सभाको निर्णय :**

तत्पश्चात् छलफलका विषयसूचीमा उल्लेखित प्रस्तावहरु सभाद्वारा पारित गर्नका लागि अध्यक्ष ज्यूबाट कम्पनी सचिवलाई प्रस्ताव गर्न जिम्मेवारी दिए बमोजिम कम्पनी सचिवबाट प्रस्तुत गरिएकोमा देहायका प्रस्तावहरुमा देहाय अनुसार निर्णय पारित गरियो ।

(क) सामान्य प्रस्तावको निर्णयहरु :

१. **सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ. व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।**

सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूले प्रस्तुत गर्नुभएको सञ्चालक समितिको तेह्रौं वार्षिक प्रतिवेदन पारित गर्नका लागि पेश भएपछि सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

२. **लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/०८२ को आषाढ मसान्तसम्मको वासलात, नाफा/नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब, इक्विटीमा भएको परिवर्तन तथा सोही अवधिको नगद प्रवाह विवरण र लेखा सम्बन्धी नीतिहरू तथा तत्सम्बन्धी अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने ।**

Global IME Laghubitta Bittiya Sanstha Ltd.

लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०८१/०८२ को आषाढ मसान्तसम्मको वासलात तथा मिति २०८१/०४/०१ गते देखि २०८२/०३/३२ सम्मको नाफा नोक्सान हिसाब, इक्वीटीमा भएको परिवर्तन र नगद प्रवाह विवरण सहितको अनुसूचीहरु छलफल गरी पारित गर्नका लागि निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

**३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८२/०८३ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिस बमोजिम बाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा सेवा सुविधा निर्धारण गर्ने । (हाल बहालवाला लेखापरीक्षक श्री पि.एल.आर.जी. एसोसिएट्स चाटर्ड एकाउन्टेन्स पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ)**

वित्तीय संस्थाको लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम यस वित्तीय संस्थाको तेह्रौं वार्षिक साधारण सभाले आर्थिक बर्ष २०८२/०८३ का लागि कम्पनी ऐन २०६३, को दफा १६५ को खण्ड (घ) बमोजिम, यस वित्तीय संस्थाको वैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्ग फर्म अडिट रिपोर्ट तथा कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको विवरण प्रमाणीकरण सहितको कार्यका लागि श्री पि.एल.आर.जी. एसोसिएट्स चाटर्ड एकाउन्टेन्सलाई पारिश्रमिक रु.५,००,००० ।- (अक्षरेपि पाँच लाख रुपैयाँ मात्र) बापत भ्याट बाहेक र यातायात, खाजा, खाना तथा बसाई खर्च वास्तविक बिल वमोजिम अधिकतम रु. २,५०,०००।-(अक्षरेपि दुई लाख पचास हजार रुपैयाँ मात्र) नबढ्ने गरी भुक्तानी गर्ने निर्णय गरेकोमा सो लाई सर्वसम्मतिबाट पारित गरियो ।

**४. सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व.२०८१/०८२ को मुनाफाबाट चुक्ता पूँजी रु.६१,८९,००,०४५/- को ०.२५ प्रतिशतले हुने रकम रु.१५,४७,२५०.११ (अक्षरेपि पन्ध्र लाख सड्चालिस हजार दुई सय पचास रुपैयाँ पैसा एघार मात्र) कर प्रयोजनको लागि नगद लाभांश पारित गर्ने ।**

सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व.२०८१/०८२ को मुनाफाबाट चुक्ता पूँजी रु.६१,८९,००,०४५/- को ०.२५ प्रतिशतले हुने रकम रु १५,४७,२५०.११/-(अक्षरेपि पन्ध्र लाख सड्चालिस हजार दुई सय पचास रुपैयाँ पैसा एघार मात्र) कर प्रयोजनको लागि नगद लाभांश सर्वसम्मतिबाट पारित गरियो ।

## (ख) विशेष प्रस्तावको निर्णयहरु :

**१. सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व. २०८१/०८२ को मुनाफाबाट चुक्ता पूँजी रु.६१,८९,००,०४५/- को ४.७५ प्रतिशतले हुने रकम रु २,९३,९७,७५२.१४ (अक्षरेपि दुई करोड त्रियानब्बे लाख सन्तानब्बे हजार सात सय बाउन्न रुपैयाँ पैसा चौध मात्र) बराबरको बोनस शेयर वितरणको प्रस्ताव पारित गरी सो सम्बन्धमा प्रबन्धपत्रको दफा ६ (ख) र (ग) मा आवश्यक संशोधन गर्ने ।**

सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व. २०८१/०८२ को मुनाफाबाट चुक्ता पूँजी रु.६१,८९,००,०४५/- को ४.७५ प्रतिशतले हुने रकम रु २,९३,९७,७५२.१४ (अक्षरेपि दुई करोड त्रियानब्बे लाख सन्तानब्बे हजार सात सय बाउन्न रुपैयाँ पैसा चौध मात्र) बराबरको बोनस शेयर वितरणको प्रस्ताव पारित गरी सो सम्बन्धमा प्रबन्धपत्रको दफा ६ (ख) र (ग) मा आवश्यक संशोधन प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

Global IME Laghubitta Bittiya Sanstha Ltd.

२. **वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने वा परिमार्जन गर्ने वा फेरबदल गर्ने वा थप गर्ने क्रममा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैंक लगायतका नियामक निकायहरूबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन गर्न वा फेरबदल गर्न कुनै निर्देशन वा सुझाव प्राप्त भएमा सो सम्बन्धी संशोधन कार्य गर्न सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।**

सञ्चालक समितिले सभामा संशोधनका लागि प्रस्तावित बोनस शेयरबाट जारी पूँजी र चुक्ता पूँजीको बृद्धि गर्दा नियमावलीका सम्बद्ध नियमहरू संशोधन गर्ने क्रममा नियामक निकायहरूले कुनै निर्देशन दिएमा आवश्यकता अनुसार प्रबन्धपत्र/नियमावलीमा परिवर्तन गर्न वा थपघट गर्न सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्तावलाई निर्णयार्थ पेश हुँदा सभामा उपस्थित शेयरधनीहरूबाट सर्वसम्मतिले पारित गरियो ।

३. **वित्तीय संस्थाको नियमावलीको नियम २९ को उपनियम २ संशोधन स्वीकृत गर्ने ।**

वित्तीय संस्थाको नियमावलीको नियम २९ को उपनियम २ को संशोधन प्रस्ताव शेयरधनीहरूबाट सर्वसम्मतिले पारित गरियो ।

४. **वित्तीय संस्थाको नियमावलीमा भएको नियम ३२ को उपनियम १ को (ख) को अन्य सुविधा अन्तर्गत पत्रपत्रिका तथा टेलिफोन खर्च संशोधन गर्न प्रस्ताव पेश गर्ने ।**

<u>नियम ३२ को उपनियम (१) खण्ड (ख) अन्य सुविधा</u>

पत्रपत्रिका तथा टेलिफोन खर्च अन्तर्गत अध्यक्ष र अंन्य सञ्चालकहरूले प्रतिमहिना पाउने रकमलाई सभामा उपस्थित शेयरधनीहरूबाट सर्वसम्मतिले पारित गरियो । पारित रकम तपसिल बमोजिम हुनेछ ।

अध्यक्षलाई रु. ३,५००/-

सञ्चालकलाई रु. ३,५००/-

५. **वित्तीय संस्थाको नियमावलीमा भएको नियम ३२ को उपनियम १ को खण्ड (ग) को (ई) लाई संशोधन गर्न प्रस्ताव पेश गर्ने ।**

<u>नियम ३२ को उपनियम (१) खण्ड (ग) को (ई) अन्य सुविधा</u>

वित्तीय संस्थाका अध्यक्ष र अन्य सञ्चालकहरूले हाल पाउने भ्रमण भत्ता बिल बमोजिम भएको व्यवस्थालाई भ्रमण खर्च बिल बमोजिम हुनेगरी संशोधन प्रस्ताव सभामा उपस्थित शेयरधनीहरूबाट सर्वसम्मतिले पारित गरियो ।

**(ग) <u>विविध विषयका निर्णयहरु :</u>**

यस वित्तीय संस्थाका संस्थापक, श्री ग्लोबल आइएमई बैंक लिमिटेडबाट प्रतिनिधित्व गर्नुभएका सञ्चालक श्री बुद्धि अकेला, श्री रुपेन्द्र वाग्ले, श्री सुशोभन देवकोटा र श्री अनामिका कुँवरलाई बैंकबाट मिति २०८२/०९/१८ गतेको पत्रबाट पूनः मनोनयनका लागि सिफारिस प्राप्त भएकाले श्री बुद्धि अकेला, श्री रुपेन्द्र वाग्ले, श्री सुशोभन देवकोटा र श्री अनामिका कुँवरलाई सञ्चालकको रुपमा मनोनयन गर्ने निर्णय गरियो ।

**१५. धन्यवाद ज्ञापन र सभा विसर्जन :**

अध्यक्ष श्री बुद्धि अकेला ज्यूले ग्रामीण दुरदराजमा रहेका विपन्न तथा न्यून आय भएका समुदायमा वित्तीय पहुँच पुऱ्याउनका लागि लघुवित्त कार्यक्रम एक प्रभावकारी माध्यम बनेको जानकारी गराउनु भयो । लघुवित्त कार्यक्रमको माध्यमबाट ग्रामीण क्षेत्रमा वित्तीय पहुँचमा बृद्धि गरी बैंकिङ् अवसरहरू उपलब्ध गराई स्वस्थ वित्तीय प्रतिष्पर्धाबाट आर्थिक क्रियाकलापमा बृद्धि गर्ने, सदस्यको जीविकोपार्जनमा टेवा पुऱ्याइ जीवनस्तर उकास्ने तथा लघुउद्यम तथा लघुव्यवसायको विकास र विस्तारबाट स्वरोजगारीको वृद्धि भई उत्पादकत्व समेत बृद्धि हुने भएकोले लघुवित्तीय संस्थाहरूको भूमिका महत्वपूर्ण रहँदै आएको बताउनु भयो । अन्त्यमा सभामा सहभागी भई आफ्नो अमूल्य राय, सल्लाह, मन्तव्य व्यक्त गरी सभालाई सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरिदिनु भएकोमा उपस्थित शेयरधनी महानुभावहरू, संस्थाको प्रगतिको लागि सहयोग, सद्भाव र अमूल्य सुझाव दिनुहुने सम्पूर्ण महानुभावहरू, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज, सिडिएस एण्ड क्लियरिङ्ग लि., वित्तीय संस्थाको शेयर रजिष्ट्रार लगायतका नियमक निकायहरू, आदरणीय ग्राहक सदस्य वर्ग तथा समस्त सरोकारवालाहरूप्रति धन्यवाद सहित हार्दिक कृतज्ञता व्यक्त गर्नुभयो, साथै वित्तीय संस्थाको व्यवस्थापन तथा सम्पूर्ण लगनशील कर्मचारी वर्गलाई समेत हार्दिक धन्यवाद दिनुभयो ।

अन्त्यमा, छलफल गर्नुपर्ने विषयहरु बाँकी नभएको हुँदा अध्यक्ष ज्यूले १३ औं वार्षिक साधारण सभा सम्पन्न गर्न सहयोग गर्नुहुने सबैलाई धन्यवाद दिनुहुँदै दिउँसो १२:३० बजे सभा विसर्जन गर्नुभयो ।

| | |
|---|---|
| ........................ | ........................ |
| **श्रीराम पोखेल** | **बुद्धि अकेला** |
| **कम्पनी सचिव** | **अध्यक्ष** |
| **मिति : २०८२/०९/२९** | **मिति : २०८२/०९/२९** |

Global IME Laghubitta Bittiya Sanstha Ltd.